अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/३१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु सिंहराज डाँगी, रामकुमार नेपाली, धन बहादुर रोकाया, इशारा बुढा र निर्मला रोकाया मु.नं (०८०-CR-००८९) फैसला मिति २०८१/०३/०९	सडक निर्माणमा झुट्टा बिल भरपाई बनाई भुक्तानी समेत दिई/लिई भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** •जिल्ला डोल्पा मुड्केचुला गाउँपालिकाका अध्यक्ष तथा निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतको मिलेमतोमा गाउँपालिकाबाट सञ्चालन भएको महादेव खोलादेखि घाम्टा खोलासम्म मोटर बाटो निर्माण योजनामा १२० घण्टा डोजरले खनेको र ६० लाख भुक्तानी गरेको भन्ने समेत बेहोराको उजुरी उपर छानविन अनुसन्धान हुँदा, मुड्केचुला गाउँपालिका वडा नं.८ स्थित घुम्चो खोलादेखि महादेवसम्म सडक निर्माणको लागत अनुमान रु.६२,९७,८९८।५७ (जनश्रमदानः रु.१०,४९,९०८।५७ समेत) तयार भएको देखिन्छ। उक्त लागत अनुमान तयार गर्ने, नापी किताब तयार गर्ने, उपभोक्ता सम्बन्धी विल तयार गर्ने र कार्य सम्पन्न प्रतिवेदन दिनेमा सब-इन्जिनियर दिप नारायण यादव, परीक्षण गर्ने इन्जिनियर देवराज रावत र लागत अनुमान बाहेक अन्यमा प्रमाणित गरी रकम समेत भुक्तानी दिनेमा नि.प्र.प्र.अ सिंहराज डाँगीको दस्तखत देखिन्छ। अनुगमन समितिमा समेत निज इन्जिनियर देवराज रावत सदस्य रहेको देखिन्छ। मुड्केचुला गाउँपालिकाबाट गो.भौ.नं.४ मिति२०७७।०३।१५ मा सर्भे डिजाइन रु.४,१५,८००।– अग्रिम कर रु.५२,४७९।– कट्टा गरी उपभोक्ता समितिलाई राष्ट्रिय बाणिज्य बैङ्कको खाता मार्फत रु.५१,९५,५११।- समेत गरी जम्मा रु.५९,४०,०००।- भुक्तानी गरेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिएको प्राविधिक सहितको डोर टोलीको प्रतिवेदनबाट उक्त योजनाको नापी किताबमा१.५ मि.x१ मि.x१ मि. साइजका ४३ वटा र २ मि.x१ मि.x१ मि.साइजका ४३ गरी जम्मा ८६ वटा ग्याबियन जाली लगाउने कार्य भएको उल्लेख भए	**फैसलाः** प्रतिवादीलाई आन्शिक सफाई दिने गरी भएको फैसला। **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** •प्रतिवादीहरु धन बहादुर रोकाया, राम कुमार नेपाली, इशारा बुढाले अनुगमन प्रतिवेदन सम्म दिएको हो प्राविधिक प्रतिवेदन दिएको होइन। यी प्रतिवादीहरुले बदनियतपुर्वक भए गरेको कार्यलाई लुकाइ छिपाइ योजना निरीक्षण गरी प्रतिवेदन दिएको भन्ने मिसिल कागजबाट नदेखिएको। •उपभोक्ता समितिका पदाधिकारीमा एक जना महिला अनिवार्य हुनु पर्ने कानुनी व्यवस्था बमोजिम प्रतिवादी निर्मला रोकायाको पदपुर्ति भएको र समितिमा कोषाध्यक्ष पदमा रहेको आधारबाट मात्र भ्रष्टाचार जस्तो जघन्य फौजदारी मुद्दामा अन्य वस्तुनिष्ठ प्रमाण विना कसूरदार ठहर गर्न नमिल्ने।	•जिल्ला डोल्पा मुड्केचुला गाउँपालिका वडा नं.८ स्थित घुम्चो खोलादेखि महादेवसम्म उपभोक्ता समिति मार्फत सडक निर्माण तथा ग्वाबिन जाली लगाउने सम्झौता बमोजिमको कार्य गर्दा, प्रतिवादीहरुको मिलेमतोमा फिल्डमा ८ वटा मात्र ग्याबियन जाली लगाई ८६ वटा ग्याविन जाली लगाएको भनी ७८ वटा ग्याबियन जालीको वास्तविक कार्य भन्दा नापी किताबमा बढी काम गरेको देखाई जम्मा रु.१०,९७,८५२।२९ बढी रकम भुक्तानी लिने/दिने कार्य गरे/गराएको भन्ने आरोपदावी रहेको प्रस्तुत मुद्दामा, प्रतिवादीहरू मुड्केचुला गाउँपालिका वडा नं. ८ का तत्कालीन का.वा.वडा अध्यक्ष धन बहादुर रोकाया र गाउँपालिका का तत्कालीन सदस्य राम कुमार नेपाली समेतले मिति २०७७।०३।१४ मा जिल्ला डोल्पा मुड्केचुला गाउँपालिका वडा नं. ८ मा घुम्चो खोलादेखि महादेवसम्म सडक निर्माणको कार्य सम्पन्न भएको र नापी किताबमा १.५ मि.x१ मि.x१ मि. साइजका ४३ वटा र २ मि.x१ मि.x१ मि. साइजका ४३ गरी जम्मा ८६ वटा ग्याबियन जाली लगाउने कार्य भएकोले योजनाको भुक्तानी गर्नु हुन भनी प्रतिवेदन पेश गरेको देखिन्छ भने प्रतिवादी धन बहादुर रोकायाले वडा नं. ८ को मिति २०७७।०३।१५, च.नं. २३ को पत्रबाट मुड्केचुला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, डोल्पालाई उक्त योजनाको कार्य सम्पन्न भएकोले रकम भुक्तानी गर्न सिफारिस समेत गरेको देखिन्छ, सोही प्रतिवेदनको आधारमा गाउँपालिकाबाट उक्त निर्माण कार्यको भुक्तानी भएको समेत देखिन्छ, तर आयोगको टोलीले स्थलगत निरीक्षण/नापजाँच गर्दा १.५मि.x१मि.x१मि. साइजका ८ वटा मात्र ग्याबियन जाली लगाएको देखिएकोले यी प्रतिवादीहरुले दिएको गलत प्रतिवेदनको आधारमा ७८ वटा ग्याविन जालीको रकम रु.१०,९७,८५२।२९ बढी भुक्तानी भएको तथ्य पुष्टि भई रहेको अवस्थामा उक्त Documentary evidence लाई ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटीपूर्ण छ। •कुनै पनि आयोजनामा हुने प्राविधिक/प्रशासनिक कर्मचारीहरुले गर्ने असल/खराव कामको प्रत्यक्ष रेखदेख र निगरानी जन प्रतिनिधिहरुले गर्ने हुनाले नै जनप्रतिनिधीहरुले सिफारिस गरेपछि भुक्तानीको प्रकृया अगाडि बढ्ने व्यवस्था भएको हो। गलत प्रतिवेदन पेश गर्ने प्राविधिक कर्मचारीले पेश गरेको गलत प्रतिवेदनलाई हुबहू जनप्रतिनिधीले सिफारिस गरेको छ भने मिलेमतो र बद्दिनयतपूर्ण सम्वन्ध रहेको मान्नु पर्छ। जनप्रतिनिधीले आफ्नो स्थानमा संचालित आयोजनामा भए गरेको यर्थार्थ विवरण बुझी सत्यतथ्य विवरण सहितको प्रतिवेदन सम्वन्धित निकायमा पेश गर्नु निजहरुको प्रमुख दायित्व र कर्तव्य हुन्छ। मुड्केचुला गाउँपालिकाका तत्कालिन नि. प्रमुख प्रशासकिय अधिकृत समेत रहेका प्रतिवादी सिंहराज डांगीले उक्त स्वीकृत लागत अनुमान बमोजिम कार्य नभएको, कम काम गरी बढी काम गरेको भनी तयार गरेको प्राविधिक मूल्याङ्कन सहितको नापी किताबमा प्रमाणित गरी कार्य सम्पन्न प्रतिवेदन समेत दिई भुक्तानीको टिप्पणी र आदेशलाई सदर गरी रकम भुक्तानी गरेको मिसिल संलग्न कागजातबाट पुष्टि भईरहेको देखिन्छ। आयोगका प्राविधिकले पेश गरेको प्राविधिक प्रतिवेदन र स्थलगत नापजाँच विवरणबाट समेत आयोजनाको सम्झौता बमोजिमको कार्य सम्पन्न नभएको भन्ने तथ्यलाई स्वीकार गरी प्रतिवादीहरु देवराज रावत, दिप नारायण यादव र मन बहादुर रोकायालाई सम्मानित अदालतबाट कसूर समेत ठहर भएको अवस्थामा यि प्रतिवादी पालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत सिंहराज डाँगी समेतलाई अभियोग मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।

			तापनि आयोगको टोलीले स्थलगत निरीक्षण/नापजाँच गर्दा, १.५मि.x१मि.x१मि. साइजका ८ वटा ग्याबियन जाली लगाएको देखिएकोले ७८ वटा ग्याबियन जालीको कम कार्यभई भए गरेको वास्तविक कार्य भन्दा नापी किताबमा बढी काम गरेको देखाई जम्मा रु.१०,९७,८५२।२९ बढी रकम भुक्तानी लिई दिई राष्ट्रसेवकले आफू तथा उपभोक्ता समितिका पदाधिकारीहरूलाई गैर कानुनी लाभ पुर्याउने र गाउँपालिकालाई गैर कानुनीहानि नोक्सानी पुर्याउने बदनियतले उपभोक्ता समितिलाई भुक्तानी दिने/लिने कार्य गरे/गराएको पुष्टि भएको हुँदा, मुड्केचुला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, डोल्पाकातत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत सिंहराज डाँगी, इन्जिनियर देवराज रावत, सब-इन्जिनियर दिप नारायण यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसूरमा निज प्रतिवादीहरूलाई बिगो रु.१०,९७,८५२।२९ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी प्रतिवादीहरूबाट बिगो असुल उपर हुन निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर समेत गरेको हुँदा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिबाना समेतको सजाय हुन मागदाबी लिइएको, मुड्केचुला गाउँपालिका वडा नं. ८ का तत्कालीन का.बा. वडा अध्यक्ष धन बहादुर रोकाया, तत्कालीन कार्यपालिका सदस्य राम कुमार नेपाली, वडा प्राविधिक (असिस्टेन्ट सब-इन्जिनियर) इशारा बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिबाना समेतको सजाय हुन मागदाबी लिइएको तथा घुम्चो खोलादेखि महादेवसम्म सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष		•प्रतिवादी राम कुमार नेपाली गाउँपालिका सदस्य मात्र नभई उक्त कार्यक्रमको योजना निरिक्षक तथा अनुगमन संयोजक समेत रहेको देखिन्छ भने अर्का प्रतिवादी धन बहादुर रोकाया उक्त वडाको का.वा.वडा अध्यक्ष हुन् भने प्रतिवादी इशारा बुढा वडा कै प्राविधिक सव-इन्जिनियर रहेकी छन्।तसर्थ विकास निर्माण आयोजनाको आफ्नो निकायमा अनुगमन गरी सत्य तथ्य यथार्थ कार्यको विवरण उल्लेख गरी प्रतिवेदन पेश गर्नु पर्ने दायित्व/जिम्मेवारीमा यी जनप्रतिनिधिहरु रहेको देखिन्छ।तर यी प्रतिवादीहरु धन बहादुर रोकाया र राम कुमार नेपाली लगायत प्राविधिक कर्मचारी इन्जिनियर देवराज रावत समेतले मिति २०७७।०३।१४ मा सामुहिक रुपमा पेश गरेको योजना निरिक्षण तथा अनुगमन समितिको प्रतिवेदनको आधारमा भए/गरेको काम भन्दा बढी भुक्तानी दिएको भन्ने आरोपदावी पुष्टी भई प्रतिवादी मध्येका देवराज रावतलाई कसूर ठहर समेत भएकोमा समान हैसियतका प्रतिवेदनकर्ता मध्ये यी प्रतिवादीहरु धन बहादुर रोकाया, राम कुमार नेपाली र इशारा बुढालाई सफाई दिने गरी भएको फैसलामा समानता देखिदैन। Principle of Equal Punishment for Equal Offender एक न्यायिक सिद्धान्त हो। जसको आधारमा कानूनको अगाडि सबै व्यक्ति समान छन् भन्ने मान्यता स्थापति गर्दछ। समान प्रतिवादीलाई समान सजाय गर्नुपर्ने सिद्धान्तलाई हाम्रो न्याय प्रणालीले एक महत्वपूर्ण न्यायिक मान्यतालाई स्वीकार गरेको छ।आयोजना निर्माण समितिको संयोजक तथा सदस्य समेत रहेका जनप्रतिनिधीहरुले ग्याविन पर्खाल निर्माणको कार्य कति सम्पन्न भएको वा कति नभएको भनी एकिन विवरण समेतको प्रतिवेदन दिनु पर्नेमा सम्झौता बमोजिमको काम सम्पन्न नभएको आँखाले पनि स्पष्ट देख्न सकिने कामलाई काम सम्पन्न भएको भनि सिफारिस गर्नु कार्यले नै निज प्रतिवादीहरुको बदि्नयत पुष्टि भएकोले यी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ। •आयोगबाट प्राविधिक कर्मचारी समेत संलग्न रही मिति २०८०।१।२८ गते भएको स्थलगत मुचुल्कामा "घुम्चो खोलादेखि महादेवसम्म सडक निर्माण योजनाको कार्य मान बहादुर रोकाय अध्यक्ष रहेको उपभोक्ता समिति मार्फत भएको हो।हाल उक्त योजनाको नापजाँच गर्दा अर्कोधरी भन्ने स्थानमा१.५ मिटर*१ मि.*१ मि. साईजका ८ वटा ग्याबियन जाली हालिएको देखियो" भन्ने उल्लेख भएको स्थलगत मुचुल्काको रोहवरमा उक्त गाउँपालिकाका वडा अध्यक्ष तथा प्रतिवादी/का.बा. अध्यक्ष धन बहादुर रोकाय साथै उक्त निर्माण उपभोक्ता समितिका अध्यक्ष प्रतिवादी मान बहादुर रोकाया समेत रहेको देखिन्छ।उक्त स्थलगत मुचुल्का तथा अनुगमन प्रतिवेदनलाई प्रतिवेदकहरु दिपक देवकोटा र शुशिला मरासिनीले अदालत समक्ष वकपत्रबाट समर्थन एवं पुष्टि गरको अवस्थामा उक्त वकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्नु पर्ने हुन्छ।साथै प्रतिवेदक शुशिला मरासिनीको बकपत्रको स.ज.१३ मा उल्लेख भएको "योजना दिर्घकालीन रुपमै निर्माण गरिन्छन् उक्त स्थान नजिकको जगदुल्ला खोला ठाडो नभई समथल रहेको हुँदा ७८ वटा ग्याविन जालि वगाउने सम्भावना देखिदैन" भन्ने ब्यहोराले समेत यी प्रतिवादीहरुले ८६ वटा ग्याविन जालीको कार्य गरेको भनी गलत प्रतिवेदन दिएको पुष्टि भएको देखिदा देखिदै यी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ। •घुम्चो खोलादेखि महादेवसम्म सडक निर्माण समितिको अध्यक्षमा प्रतिवादी मान बहादुर रोकाया र कोषाध्यक्षमा प्रतिवादी निर्मला रोकाया चयन गर्ने तथा निज प्रतिवादीद्वय निर्मला रोकाया र मान बहादुर रोकायाको नाउँमा संयुक्त खाता खोल्ने सर्व दलीय सर्व पक्षीय रुपमा मिति २०७७।०२।१५ गतेको बैठकबाट निर्णय भएको देखिन्छ।यसरी हेर्दा, यी प्रतिवादी निर्मला रोकाया समेतको दस्तखतबाट समितिको खाता संचालन रहेको देखिदा निज उक्त सडक निर्माण समितिको जिम्मेवार पदाधिकारी रहेको स्पष्ट बुझ्न सकिन्छ, तर निज प्रतिवादी निर्मला रोकायालाई कसूरबाट उन्मुक्ति दिने एक मात्र अभिप्रायले उपभोक्ता समितिका पदाधिकारीमा एक जना महिला अनिवार्य हुनु पर्ने कानुनी व्यवस्था

			मान बहादुर रोकाया र कोषाध्यक्ष निर्मला रोकायालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा निज प्रतिवादीहरूलाई बिगो रु.१०,९७,८५२।२९ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदाबी लिएको देखियो। **अदालतको फैसला** •प्रतिवादीहरु देवराज रावत र दिप नारायण यादवले प्राविधिक मूल्याङ्कन सहीतको नापी किताब तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) र ऐ. १९ को उपदफा (२) बमोजिमको कसूर गरेको देखिँदा निज प्रतिवादीहरूलाई सोही दफाको उपदफा (१) बमोजिम जनही ३ महिना कैद र बिगो रु.१०,९७,८५२.२९।- को जनही कायम हुने बिगो रु.३,६५,९५०.७६ बमोजिम जरिबाना हुने र ऐ. दफा १९(२) बमोजिम जनही ३ महिना कैद र रु.१०,०००।- जरिबाना हुने, प्रतिवादी मध्येका मान बहादुर रोकायाले सोही दफा ८ को उपदफा (४) बमोजिम कसूर गरेको देखिंदा निजबाट बिगो रु.१०,९७,८५२।२९- भराउने र कायम भएको जनही बिगो रु.३,६५,९५०।७६- बमोजिम जरिबाना हुने ठहर्छ।प्रतिवादी मध्येका प्रतिवादीहरु सिंहराज डाँगी, रामकुमार नेपाली, धन बहादुर रोकाया, ईशारा बुढा र निर्मला रोकाया उपरको आरोपदावी ठोस र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेकोले निज प्रतिवादीहरुले आरोपदावीबाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ।		बमोजिम प्रतिवादी निर्मला रोकायाको पदपुर्ति भएको र समितिमा कोषाध्यक्ष पदमा रहेको आधारबाट मात्र भ्रष्टाचार जस्तो जघन्य फौजदारी मुद्दामा अन्य वस्तुनिष्ठ प्रमाण विना कसूरदार ठहर गर्न नमिल्ने भन्ने संकुचित आधार ग्रहण गरी निज प्रतिवादी निर्मला रोकायालाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदर गरीपाउँ। •अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दायी प्रतिवादीहरु सिंहराज डाँगी, रामकुमार नेपाली, धन बहादुर रोकाया, इशारा बुढा र निर्मला रोकायाले आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर भई बिशेष अदालतबाट फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।